# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, मङ्सीर २४ गते २०३१ साल

## महालेखा परीक्षकको विभागको
## सूचना

### महालेखा परीक्षकको विभागको पदाधिकारीहरूसम्बन्धी (पाँचौं संशोधन) नियमावली, २०३१

महालेखा परीक्षकको विभागका पदाधिकारीहरूसम्बन्धी नियमावली, २०१८ (यस पछि "मूल नियमावली" भनिएको) लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

लेखा परीक्षण ऐन, २०१८ को दफा ३ को उप–दफा (२) र दफा १० को उप-दफा (२) ले दिएको अधिकार प्रयोग गरी महालेखा परीक्षकले बनाएको देहायको नियमावलीमा श्री ५ महाराजाधिराजबाट स्वीकृति बक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम "महालेखा परीक्षकको विभागको पदाधिकारीहरूसम्बन्धी (पाँचौं सशोधन) नियमावली, २०३१" रहेको छ ।

(२) यो नियमावली २०३१ साल वैशाख १ गतेदेखि प्रारम्भ हुनेछ ।

२. मूल नियमावलीको परिच्छेद ५ को नियम २ मा संशोधनः– (१) मूल नियमावलीको परिच्छेद ५ को नियम २ को उप–नियम (१) मा रहेको "पन्ध्र दिनमा नबढाई" भन्ने शव्दहरूको सट्टा "छ दिनमा नबढाई" भन्ने शव्दहरू राखिएको छ ।

(२) मूल नियमावलीको परिच्छेद ५ को नियम २ को उप-नियम २ खारेज गरिएको छ ।

सरदार भीमबहादुर पाण्डे
महालेखा परीक्षक

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि लागू हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

६४०

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।